## ७
## हामीले येशूलाई कसरी हेर्नुपर्छ ?

विश्वविद्यालयका विद्यार्थीहरुलाई अक्सर गरेर अनुसन्धानका योजनाहरु दिइन्छ । उनीहरु अनुसन्धान गर्नुपर्दा सधै आनन्दित हुँदैनन् । सम्भवत उनीहरुको अनुसन्धानप्रति यस्तो सोंच हुनुका दुइवटा कारणहरु छन् । पहिलो, अनुसन्धान अक्सर गरेर कठिन काम हुन्छ । कसैले भनेका छन्, “मलाई पढ्नु पर्दा आनन्द लाग्दैन, तर कसैले पढिदिए म आनन्द मान्छु ।” धेरै विद्यार्थीहरुले अनुसन्धान गर्नुपर्दा आनन्द मान्दैनन्, तर उनीहरु अनुसन्धान गरिदिए आनन्दित हुन्छन् । दोश्रो, धेरै जसो अनुसन्धानको सीमै हुँदैन । अनुसन्धानलाई हामीलाई के थाहा छ  हामीलाई के थाहा छैन भन्ने कुराद्वारा वर्गीकरण गरिन्छ र कहिलेकाँही हामीलाई थाहा भएका कुराभन्दा थाहा नभएका कुराहरु बढी देखिन्छन् । एउटा विद्यार्थीले केही अनुसन्धानका योजनाहरु यसो भन्दै राम्ररी पूरा गर्न सक्छ, “यो योजना सुरु गर्नुभन्दा अघि, मलाई यस विषयको बारेमा केही पनि थाहा थिएन । अब मैले यो योजना सिध्याएको छु, मलाई थाहा छ यस विषयमा कसैलाई केही पनि थाहा छैन !” तर यस्तो निष्कर्ष धेरै निरुत्साहित गर्ने हुन सक्छ ।

हामी सबैले निश्चित मुख्य विषयहरुको सत्यताको बारेमा जान्न चाहन्छौं । हामी तिनीहरुको बारेमा भएका सीमा रहित, अपुरो अनिर्णीत छलफलहरुबाट सन्तुष्ट हुँदैनौं । यो विशेष गरेर येशू खीष्टको बारेमा पनि सत्य हुन्छ । हामी उहाँको बारेमा कसैको मत अथवा उहाँको बारेमा गरिएको अस्पष्ट सिध्दान्तहरुको छलफल सुन्न चाहँदैनौं, हामी उहाँको बारेमा सत्य थाहा पाउने चाहना गर्दछौं । हाम्रा उहाँ बारेका गहिरा प्रश्नहरु सुस्पष्ट र सारगर्भित हुन्छन् : येशू को हुनुहुन्छ ? के उहाँ साँच्चै परमेश्वरका पुत्र हुनुहुन्छ ? उहाँले जीवन र मुक्ति बारेमा के भन्नुभएको छ ?

बाइबल मात्र यो संसारमा भएको वास्तवमा साँचो पुस्तक हो । परमेश्वरले यो हामीलाई दिनुभयो जसले गर्दा हामी उहाँको शिक्षाहरु बारेमा ढुक्क हुन सकेका हौं (२ पत्रुस १:३) । परमेश्वर हामीले येशूको बारेमा निधो नगरी जीवन बिताएको चाहनु हुँदैन । उहाँ हामीले येशू को हुनुहुन्छ र उहाँ के गर्न आउनुभएको थियो भन्ने थाहा पाएको चाहनुहुन्छ । उहाँ हामीले येशूको बारेमा सम्पूर्ण सत्य थाहा पाएको चाहनुहुन्छ जसले गर्दा हामीले त्यस सत्य माथि आत्मविश्वास र निर्धक्कको जीवन निर्माण गर्न सकेका हौं ।

बाइबलले मात्र हामीलाई हामीसँग हुनुपर्ने येशूको सत्यचित्र सुम्पेको छ । यसले हामीलाई उहाँ को हुनुहुन्छ भनी दुई तरिकाले भन्दछ : पहिलो, हामी उहाँ को हुनुहुन्छ भन्ने उहाँलाई धर्मशास्त्रहरुमा के भनेर सम्बोधन गरिएको छ भन्ने तर्फ ध्यान दिएर देख्न सक्दछौं । दोश्रो, हामी उहाँलाई प्रदान गरिएका चारित्रिक गुणहरुको अवलोकनबाट पनि उहाँ को हुनुहुन्छ देख्न सक्दछौं ।

आउनुहोस्, उहाँलाई बाइबलमा के भनी सम्बोधन गरिएको छ होशियारीका साथ विचार गरौं । यदि कुनै मानिस हामीले विश्वास गर्ने कुनै एक जनाबाट एउटा प्रचारक र शिक्षकको रुपमा परिचय गराइयो भने, हामीलाई त्यो मानिस को हो र आधारभूत रुपमा उ कस्तो किसिमको मानिस हो भन्ने थाहा हुन्छ । ती “प्रचारक” र “शिक्षक” भन्ने शब्दहरुले हामीलाई उनको स्पष्ट चित्र प्रदान गर्दछन् ।

धर्मशास्त्रहरुले हामीलाई येशूको परिचयको बारेमा शंकामा छोडेका छैनन् । उहाँलाई विशिष्ट रुपमा यस्ता शब्दहरुद्वारा सम्बोधन गरिएको छ जसबाट भ्रममा पर्नै सकिँदैन । जब हामी होशियारीका साथ येशूलाई धर्मशास्त्रहरुमा के भनिएका छ भनी पढ्दछौं, हामी उहाँ को हुनुहुन्छ भन्ने थाहा पाउँदछौं ।

## उहाँ हाम्रो मुक्तिदाता हुनुहुन्छ

प्रथमत, धर्मशास्त्रहरुले येशूलाई "मुक्तदाता" भन्दछ । "मुक्तिदाता" भन्ने शब्दले एक त्यस्तो व्यक्तिलाई चिनाउँछ जसले अरुहरुलाई गम्भीर खतराबाट बचाउँदछन् ।

मत्तीमा भएको जन्मको वर्णनात्मक अभिलेखमा के उल्लेख गरिएको छ भने कि एक स्वर्गदूत योसेफ, जो येशूका सांसारिक बुबा थिए, को सपनामा देखा परे । ती स्वर्गदूतले भने,

> ... "योसेफ, दाऊदका छोरा, तिम्री पत्नी मारियमलाई स्वीकार गर्न नडराऊ, किनभने जो तिनको गर्ममा हुनुहुन्छ, उहाँ पवित्र आत्माबाट हुनुहुन्छ । तिनले एउटा पुत्र जन्माउनेछिन् र तिमीले उहाँको नाउँ येशू राख्नेछौ, किनभने उहाँले आफ्ना मानिसहरुलाई तिनीहरुका पापबाट बचाउनुहुनेछ" (मत्ती १:२०, २१) ।

जसो तपाई देख्न सक्नुहुन्छ, येशू कुनै लर्तरो मुक्तिदाता हुनुहुन्थेन, उहाँ त एक अद्वितीय मुक्तिदाता हुन लाग्नुभएको थियो । यदि एउटा मानिसले जलिरहेको घरबाट एउटा बालकलाई बचायो भने, हामी उसलाई एक उध्दारकर्ता भन्दछौं । यदि एउटा मानिसले भोकमरीमा परेका मानिसहरुलाई खाद्यान्न पुऱ्याइदियो भने उसलाई ती मानिसहरुको उध्दारक भनिने छ । येशूले, धर्मशास्त्रहरु अनुसार हामीलाई हाम्रा पापहरुबाट उध्दार गर्नुहुन्छ । उहाँ हाम्रो आत्मिक उध्दारकर्ता हुनुहुन्छ ।

प्रत्येक जिम्मेवार व्यक्तिले उसको पहिलो समस्या पापको दोषसँग सामाना गर्नै पर्दछ । कसैले भनेका छन् यदि हामीले हाम्रो घाँटीमा टेपरिकर्डर बाँध्ने हो र अड्चालिस घण्टाको समयभित्र हाम्रो मुखबाट निस्केको प्रत्येक शब्द रेकड गर्ने हो भने, हामी पापीहरु हौं भन्ने हामी सजिलै थाहा पाउन सक्दछौं । यदि हामी बसेर प्रत्येक शब्द सुन्ने हो, प्रत्येक बोली पछाडी रहेको हाम्रो मनसायको बारेमा सोच्ने हो र हामीले बोलेको स्वर ध्वनिका बारेमा घोत्लिने हो भने, हामी निश्चय नै हामीले सधै जे कुरो बोल्नु पर्ने हो त्यो बोल्दैन रछौं भन्ने निष्कर्षमा पुग्नेछौं । त्यसैगरी, हाम्रो जीवनको अड्चालिस घण्टा फिल्ममा कैद गर्न हामी भिडियो क्यामरा प्रयोग गर्न सक्दछौं र जब हामीले हाम्रा काम र कृयाकलाप पुनरावलोकन गर्ने छौं हामीले सजिलै हामीहरु पापी रहेछौं भन्ने देख्न सक्दछौं । हामी अक्सर गरेर जे नगर्नु पर्ने हो त्यो गर्दारहेछौ र अक्सर गरेर जे गर्नु पर्ने हो सो गर्दैनरहेछौं भन्ने सत्यले हामीलाई प्रहार गर्नेछ । हामी पापीहरु हौं भन्न हामीलाई बाइबलको सम्म आवश्यकता पर्दैन । जब हामीले हाम्रा शब्दहरु र कामहरुलाई नजिकबाट हेर्दछौं, हामीहरुलाई हामी पापीहरु हौं भन्ने थाहा हुन्छ । जे भएता पनि, बाइबलले हामीहरु बारेको यो सत्यलाई अनेक अर्थ लगाउन नसकिने भाषामा घोषणा गरेको छ, पावलले खीष्टियानहरुलाई सम्भ्कना गराउँदै भन्दछन्, "... धर्मी कोही छैन, एक जना पनि छैन" (रोमी ३:१०) ।

हाम्रो पापको बारेमा के गर्न सकिन्छ ? हामी आफैले आफूलाई क्षमा गर्न सक्दैनौं । हाम्रो पाप अरुहरुका विरुध्दमा मात्र होइन, तर परमेश्वरको विरुध्दमा पनि छ । हाम्रो यो अति जरुरी आवश्यकतामा कसले हामीलाई सहायता गर्न सक्छ ? मनोविज्ञानले हामीलाई क्षमा गर्न सक्दैन । सकारात्मक सोचले पनि सक्दैन । हामी पापीहरु होइनौं भन्ने बहानाले पनि हामीलाई बचाउन सक्ने छैन । अब के गर्न सकिन्छ त ? हाम्रो यो निराश आवस्थाप्रतिको परमेश्वरको उत्तर येशू हुनुहुन्छ । योसेफलाई उहाँले यस पृथ्वीमा पूरा गर्नु हुने कामको कारणले गर्दा येशूको नाम स्वर्गमै निश्चित गरिएको छ भनी भनिएको थियो । उहाँको जन्ममा, पेलिस्टिनको एक डाँडामा स्वर्गदूतले गोठालाहरुलाई घोषणा गरेका थिए, "आज दाऊदको शहरमा तिमीहरुका निम्ति एउटा मुक्तिदाताको जन्म भएको छ, जो खीष्ट प्रभु हुनुहुन्छ" (लूका २:११) । येशू यस पृथ्वीमा आउनुको प्रमुख उद्देश्य नै हामीलाई हाम्रो पापहरुबाट बचाउनु थियो (१ कोरिन्थी १५:३) ।

नेपोलियनको सेनामा भएको एउटा सैनिकको बारेमा एउटा हृदय छुने कथा भनिएको छ । उ एउटा साहसी, देशभक्त सैनिक थियो । लडाईहरुको बिचमा उ आफ्नो पालमा थियो र उसको कर्तव्यहरु र पारिवारिक चिन्ताहरुको बारेमा पुनर्विचार गरिरहरको थियो । उसले एउटा कागजको टुक्रामा उसलाई लागेको ऋण र उसको परिवारलाई भरणपोषण गर्न चाहिने पैसाको सूची बनाएको थियो । जब उसँग उसको ऋण तिर्ने र परिवारको खर्चको निम्ति आवश्यक पैसा छैन भन्ने महसुस भयो निराशाको बादलले उसलाई छोप्यो । अति नै खिन्न भएर, उसले बनाएको आर्थिक जिम्मेवारीहरुको सूचीको पानाको तल लेख्यो, “मेरा यी सबै ऋणहरु तिरी दिने कोही होला ?” हारेको महसुस गरेर, उसले आफ्नो शिर हातमा राख्यो र निदायो । त्यो सैनिकलाई थाहा थिएन, नेपोलियन आफ्नो सैनिकहरुको अवस्था र तिनीहरुको तागतको मूल्यांकन गर्न त्यसै सैनिक छावनीतर्फ आइरहेका थिए । जब उनी त्यो जवान सैनिकको पाल नजिकै पुगे, उनले निरीक्षणको निम्ति बोलाए, तर पालभित्रबाट कुनै आवाज आएन। उनी हेर्नलाई भित्र पसे । उनले त्यो सुतिरहेको सैनिक र पुछारमा दयनिय प्रश्न लेखिएको त्यो पानो देखे । नेपोलियनले झुकेर उसको कलम उठाए र त्यस प्रश्नको तल लेखे, “म तिरी दिनेछु” र त्यसपछि सही गरे, “नेपोलियन” ।

जब हामीले हाम्रो पापको ऋणलाई र हाम्रो उध्दारको सोचनीय अवस्थालाई देख्दछौं, हामी पनि कराउँदछौं, “हाम्रा यी सबै ऋणहरु तिरी दिन सक्ने को छ ?” नेपोलियन भन्दा धेरै महानले एकजनाले उत्तर दिँदै भन्नुभएको छ, “म तिर्दिन्छु ।” येशू, यस पृथ्वीका मुक्तिदाताले, क्रूसमा भएको उहाँको मृत्युद्वारा, हामीहरुको निम्ति पूर्ण मुक्तिको प्रस्ताव ल्याउनुभएको छ ।

बाइबल येशू हाम्रा एक मात्र मुक्तिदाता हुनुहुन्छ भन्नेमा स्पष्ट छ । पत्रुसले भनेका छन्, “अरु कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरुमा अर्को कुनै नाउँ दिइएको छैन” (प्रेरित ४:१२) । यदि तपाई आफ्नो पापहरुबाट उध्दार पाउन चाहनुहुन्छ जसले गर्दा तपाई परमेश्वरको अघि स्वीकार योय अवस्थामा खडा हुन सक्नुभएको होस् भने, तपाई येशू कहाँ आउनुपर्दछ (यूहन्ना १४:६, मर्कूस १६:१६) । बाइबल अनुसार, उहाँ हाम्रो मुक्तिदाता हुनुहुन्छ ।

## ख्रीष्टको रुपमा

दोश्रो, येशूलाई “ख्रीष्ट” भनिएको छ, जसको अर्थ “अभिषेक गरिएको” हुन्छ । ग्रीक भाषामा “ख्रीष्ट” भनेको हिब्रू भाषामा “मसीह” भनेको जस्तै हो । नयाँ करारले येशूलाई प्रतिज्ञा गरिएको, परमेश्वरबाट चुनिएको एक जनको रुपमा चिनाएको छ ।

भविष्यवक्ताहरुले परमेश्वरको एक विशेष सेवक आउँदै हुनुहुन्छ भनी भविष्यवाणी गरेका थिए :

> किनभने हाम्रा निम्ति एउटा बालकको जन्म भएको छ । हाम्रा निम्ति एउटा छोरा दिइएको छ । शासन उहाँको काँधमा हुनेछ । उहाँ अचम्मका सल्लाहकार, शक्तिशाली परमेश्वर, अनन्तका पिता, शान्तिका राजकुमार कहलाइनुहुनेछ । उहाँको शासन र शान्तिका बृध्दिको अन्त कहिल्यै हुने छैन । दाऊदको सिंहासन र तिनको राज्यमाथि त्यसलाई न्याय र धार्मिकताको साथ स्थापित गरी स्थिर गराउन, त्यस बेलादेखि सदाको निम्ति उहाँले राज्य गर्नुहुनेछ । सर्वशक्तिमान् परमप्रभुको जोशले यो पूरा गर्नेछ (यशैया ९:६, ७) ।

मीकाले भविष्यवाणी गरेका थिए, “तर ए बेथलेहम एप्राता, तँ यहूदाका कुलहरुमध्ये सानो भए तापनि तँबाट मेरो निम्ति एकजना निस्कनुहुनेछ, जो इस्राएलका शासन हुनुहुनेछ, जसको शुरु पुरानो समयदेखि अर्थात प्राचीनकालदेखि नै छ” (मीका ५:२) । नयाँ करारले येशू ती आउनुहुनेछ भनी प्रतिज्ञा गरिनु भएको जन हुनुहुन्थ्यो भन्ने प्रमाणित गरेको छ ।

आफ्नो पृथ्वीको सेवाकाईको अन्त्य तिर, येशू आफ्ना चेलाहरुसँग कैसरिया फिलिप्पी तर्फ जाँदै हुनुहुन्थ्यो । उहाँहरु हिँडिरहनु भएकै अवस्थामा येशूले आफ्ना चेलाहरुलाई सोध्नुभयो, "मानिसहरुले मानिसको पुत्रलाई को हो भनी भन्छन् ?" उहाँका चेलाहरुले भने, "कसैले बप्तिष्मा दिने यूहन्ना, कसैले एलिया, कसैले यर्मिया वा अगमवक्ताहरुमध्ये कुनै एक जना हुन् भनी भन्छन्" (मत्ती १६:१३, १४) । तिनीहरुले जवाफ दिइसकेपछि, येशूले त्यसपछि सोध्नुभयो, "तिमीहरु के भन्छौ, म को हुँ ?" पत्रुसले उहाँलाई जवाफ दिए । उनले भने, "तपाई ख्रीष्ट हुनुहुन्छ, जीवित परमेश्वरको पुत्र" (मत्ती १६:१५, १६) । येशूले उनको उत्तरलाई पूरा गर्दै पत्रुसलाई भन्नुभयो, "योनाको छोरो सिमोन, तिमी धन्य हौ, किनभने मानिसबाट तिमीलाई यो प्रकट भएको होइन, तर स्वर्गमा हुनुहुने मेरो पिताले प्रकट गर्नुभएको हो" (मत्ती १६:१७) । अर्को शब्दमा, येशूले भनी राख्नुभएको थियो, "पत्रुस मानिसहरुले जे भनेका छन् त्यसको आधारमा तिमी यो निष्कर्षमा पुगेको होइनौ । यो उत्तर तिमीले स्वर्गमा हुनुहुने परमेश्वरबाट पाएका हौ" यो एउटा ईश्वरीय प्रकाश थियो, मानवीय सिध्दान्त थिएन ।

नयाँ करारले येशूलाई कसरी सम्बोधन गरेको छ, त्यसबारेमा सोच्नुहोस् । जब यसले उहाँलाई "ख्रीष्ट" भनी सम्बोधन गरेको छ, उहाँलाई एक परमेश्वरबाट विशेष रुपमा चुनिनुभएको भनी परिचित गराएको छ । उहाँ आउनु हुने एक जनाको अग्रदूत हुनुहुँदैन, उहाँ त्यो जन हुनुहुन्छ । उहाँले चुनिएका जन आउने भविष्यवाणी गर्नुभएन, उहाँ चुनिएका जन सम्बन्धका सबै भविष्यवाणीहरुको पूर्णता हुनुहुन्थ्यो । उहाँ चुनिएका जनसँग सम्बन्धित हुनुहुन्थेन, तर उहाँ त त्यो जन हुनुहुन्थ्यो ।

## परमेश्वरका पुत्रको रुपमा

तेश्रो, येशूलाई नयाँ करारमा परमेश्वरका पुत्रको रुपमा, ईश्वरत्वको दोश्रो सदस्यको रुपमा चिनाइएको छ ।

बप्तिष्मा दिने यूहन्ना येशूको पृथ्वीको सेवाकाईको निम्ति मार्ग तयार गर्न परमेश्वरबाट चुनिएका थिए । उनले पश्चात्तापलाई प्रचार गरेर तथा पापमोचनको निम्ति पश्चात्तापको बप्तिष्मा दिएर यो काम गरेका थिए (मर्कूस १:४) । यूहन्नाले उनको प्रचारलाई समर्थन गर्ने व्यक्तिहरुलाई आउन लाग्नुभएको मसीह बारेमा बताएका थिए । तिनीहरुको पश्चात्ताप र बप्तिष्मामा, मानिसहरुले जब मसीह आउनुहुनेछ उहाँलाई ग्रहण गर्नेछौं भनी प्रतिज्ञा गरिरहेका थिए (प्रेरित १९:४) । जब यूहन्नाले परमेश्वरले उनलाई दिनुभएको लक्ष्य पूरा गरे, सारा यहुदिया र यर्दन वरिपरिका इलाकाहरुबाट उनीबाट बप्तिष्मा लिन उनीकहाँ आए (मत्ती ३:५) । एक दिन, जब यूहन्ना मानिसहरुलाई नदीमा बप्तिष्मा दिइरहेका थिए, येशू यर्दन नदीको किनारमा देखा पर्नुभयो । यूहन्नालाई त्यस समयसम्म येशू नै मसीह हुनुहुन्छ भन्ने निश्चित रुपमा थाहा थिएन (यूहन्ना १:२९-३१) तर उनलाई येशू उनीभन्दा एक असल मानिस हुनुहुन्छ भन्ने थाहा थियो । त्यस्तो कारण भएकोले उनले येशूको अनुरोधलाई यसो भन्दै जवाफ दिए, वास्तवमा, "बरु मलाई पो तपाईबाट बप्तिष्मा लिनु आवश्यक छ, तर तपाई मबाट बप्तिष्मा लिन चाहनुहुन्छ ?" येशूले भन्नुभयो, "अहिलेलाई यसै हुन देऊ । किनभने यसरी नै हामीहरुले सबै धार्मिकता पूरा गर्नुपर्दछ" (मत्ती ३:१५) । यूहन्नाले परमेश्वरको काम गरिरहेका थिए । उनी परमेश्वरबाट पठाइएका मानिस थिए । येशूले यस पृथ्वीमा हुँदा पूर्णरुपमा परमेश्वरको इच्छामा समर्पित हुने चाहना गर्नुभयो । यसरी उहाँले आज्ञाकारिताकासाथ यूहन्नाबाट बप्तिमा लिनुभएको थियो - उहाँमा क्षमा लिनुपर्ने पापहरु भएको कारणले, उहाँलाई पश्चातापको आवश्यकता भएको कारणले, अथवा उहाँलाई मसीह आउनुहुँदा उहाँलाई ग्रहण गर्नुपर्ने कारणले होइन । उहाँ मसीह हुनुहुन्थ्यो, तर उहाँले परमेश्वरको इच्छा पूरा गर्न, सबै धार्मिकता पूरा गर्न आफूलाई यूहन्नाको बप्तिष्मामा समर्पण गर्नुभयो ।

जब यूहन्नाले येशूलाई त्यस डुबुल्की पछि पानीबाट बाहिर ल्याए, परमेश्वरका आत्मा ढुकुरको रुपमा उहाँमाथि ओर्लनुभयो । जब यूहन्नाले यो आश्चर्यपूर्ण घटना देखे, उनलाई येशू त्यो मसीह हुनुहुँदोरहेछ भन्ने थाहा भयो (यूहन्ना १:३२-३४) । त्यसपछि स्वर्गबाट एउटा वाणी आयो - स्वयम्

परमेश्वरको स्वर - जसले भन्यो, “यिनी मेरा प्रिय पुत्र हुन्, यिनीसँग म अति प्रसन्न छु” (मत्ती ३:१७) । नयाँ करारका यी पदहरुमा येशू उहाँका पुत्र हुनुहुन्छ भन्ने परमेश्वरको गवाही समाविष्ट छ ।

प्रेरित यूहन्नाले येशू परमेश्वरका पुत्र हुनुहुन्छ भन्ने तीनवटा गवाहीहरु हामीलाई दिइएको छ भनी भनेका छन् । उनले भनेका छन्, “किनभने गवाही दिने तीन छन्, अर्थात पवित्र आत्मा, पानी र रगत र सबै कुरामा यी सहमत हुन्छन्” (१ यूहन्ना ५:७, ८) । पवित्र आत्माले येशूको बप्तिष्मा पछि उहाँमाथि ढुकुरको रुपमा ओर्लेर येशू परमेश्वरका पुत्र हुनुहुन्छ भन्ने गवाही दिनुभएको थियो । पवित्र आत्माले यो गवाही अरु समयहरुमा पनि सुसमाचारमा दिनुभएको थियो । त्यो “पानी” ले निश्चय नै येशूको बप्तिष्मालाई संकेत गरेको छ, जब पिताले येशूलाई उहाँका पुत्र हुनुहुन्छ भनी स्वर्गबाट घोषणा गर्नुभएको थियो । त्यो “रगत” जसको उल्लेख यूहन्नाले गरेका छन्, त्यसले निश्चय नै येशूको मृत्युलाई प्रतिनिधित्व गर्दछ । क्रूसमा टाँगिएको समयका आश्चर्यपूर्ण घटनाहरुले येशूको ईश्वरत्वको गवाही दिएका छन् । यूहन्नाले भनेका छन्, “यदि हामी मानिसको गवाही ग्रहण गर्छौं भने परमेश्वरको गवाही झन् उच्च छ । किनकि यही नै परमेश्वरको गवाही, जुन गवाही उहाँले आफ्ना पुत्रको विषयमा दिनुभएको छ” (१ यूहन्ना ५:९) । यदि तीनजना इमानदार मानिसहरुले कुनै एउटा सत्यको बारेमा एकमत भएर गवाही दिन्छन् भने, हामीले उनीहरुको त्यो गवाही स्वीकार गर्दछौ - त्यसैगरी देशमा भएको कुनै पनि न्यायालयले स्वीकार गर्दछ । त्यसो भए हामीले परमेश्वरको गवाहीलाई कति बढि स्वीकार गर्नुपर्छ होला ! उहाँले आफ्नो पुत्रको सम्बन्धमा गवाही दिनुभएको छ - आत्माका गवाही ( उहाँको बप्तिष्मामा ढुकुरको रुपमा) पानीको (उहाँको बप्तिष्मामा जब पिताको स्वर सुनिएको थियो), र रगतको (जब उहाँको मृत्युमा आश्चर्यपूर्ण घटनाहरु भएका थिए) ।

येशू को हुनुहुन्छ ? धर्मशास्त्रहरुले यस बारेमा कुनै शंका छोडेको छैन । नयाँ करारले येशू परमेश्वरका पुत्र हुनुहुन्छ भनी स्पष्ट शिक्षा दिन्छ । येशूलाई उपेक्षा गर्न सकिँदैन । उहाँलाई उपेक्षा गर्नु भनेको परमेश्वरको उपेक्षा गर्नु हो ।

## प्रभुको रुपमा

चौथो, नयाँ करारले येशूलाई “प्रभु” भनेको छ । उहाँ हाम्रो सम्पूर्ण अधिकार सम्पन्न परमेश्वरबाट आउनुभएको सर्वोच्च शासक हुनुहुन्छ ।

येशूको मृत्युबाट भएको पुनरुत्थान पछि, उहाँ साँचो रुपमा मृतकबाट जीवित भै उठ्नुभएको छ भन्ने कुरा प्रमाणित गर्दै, उहाँ आफ्ना चेलाहरु कहाँ देखा पर्नुभएको थियो । त्यसपछि येशूले आफ्ना चेलाहरुलाई भन्नुभएको थियो,

> स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ । यसकारण जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिष्मा देओ, मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ । हेर, म युगको अन्त्यसम्म सधैँ तिमीहरुका साथमा छु (मत्ती २:१८-२०) ।

येशू पिता कहाँ उठाइ लगिनुभएको दश दिन पछि, पवित्र आत्मा प्रेरितहरुमाथि खन्याइनु भयो । त्यसदिन, पेन्तिकोसको दिनमा, भेला भएको एक ठूलो भिडलाई पत्रुसले सम्बोधन गरेका थिए । येशू नै ख्रीष्ट हुनुहुन्छ भन्ने प्रमाणित गर्ने प्रमाणहरु उनले दिएका थिए । जब उनी आफ्नो उपदेशको अन्त्यमा पुगे, उनले आफ्ना श्रोताहरुलाई परमेश्वरले येशूलाई “प्रभु र ख्रीष्ट” दुवै बनाउनु भएको छ भनी निर्णय गर्न अनुरोध गरेका थिए (प्रेरित २:३६) । पावल, येशूले कसरी आफूलाई होच्याउनुभई मानिस बन्नुभयो र मृत्युसम्मै आज्ञाकारी हुनुभयो भन्ने कुरा वर्णन गरिसकेपछि लेख्दछन्,

> यसैकारण परमेश्वरले उहाँलाई अति उच्च पार्नुभयो र उहाँलाई त्यो नाउँ प्रदान गर्नुभयो, जो हरेक नाउँभन्दा उच्च छ, कि स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमुनि भएको हरेक प्राणीले येशूको नाउँमा घुँडा टेक्नुपर्छ र हरेक जिब्रोले परमेश्वर पिताका महिमाको निम्ति येशू ख्रीष्टलाई प्रभु भनी स्वीकार गर्नुपर्छ (फिलिप्पी २:९-११) ।

पावलले येशूको बारेमा यो पनि लेखेका छन्, "र परमेश्वरले सबै कुरा उहाँका पाउमुनि राखिदिनुभयो र मण्डलीको निम्ति उहाँलाई नै सबै कुराको शिर बनाइदिनुभयो, जुन मण्डली उहाँको शरीर, उहाँको पूर्णता हो र उहाँले नै सबैथोक परिपूर्ण पार्नुहुन्छ" (एफिसी १:२२, २३) ।

नयाँ करार अनुसार येशूको प्रभुत्वको अर्थ हाम्रो निम्ति के हुनु पर्छ ? व्यवहारिक शब्दहरुमा भन्नुपर्दा यसको अर्थ हामीहरुले आफूलाई उहाँमा समर्पित गर्नु हो । येशूले भन्नुभएको छ, "मैले भनेको कुरा गर्दैनौ भने किन मलाई 'प्रभु, प्रभु' भन्दछौ ?" (लूका ६:४६) । उहाँले अझ भन्नुभएको छ, "मलाई 'प्रभु, प्रभु' भन्ने सबै स्वर्गको राज्यमा प्रवेश गर्ने छैनन् । स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्ने मानिसले मात्र परमेश्वरको राज्यमा प्रवेश गर्नेछ" (मत्ती ७:२१) । के तपाई येशूका शिक्षाहरुमा समर्पित हुन चाहनुहुन्छ ? दोश्रो, यसको अर्थ हामीले हाम्रो जीवनमा ख्रीष्टलाई प्राथमिकता दिनै पर्छ भन्ने हो । हामीले हाम्रो बफादारी र हाम्रो प्रेम उहाँलाई दिनै पर्दछ । उहाँ स्वर्गबाट सम्मान गरिनुभएको एकमात्र प्रभु हुनुहुन्छ र उहाँ हाम्रो हृदयहरुको सिंहासनमा विराजमान हुनुहुने एकमात्र प्रभु हुनै पर्दछ ।

कसैले भनेका छन्, "प्रत्येक हृदयमा, एउटा क्रूस र एउटा सिंहासन हुन्छ । यदि मैले स्वयम्लाई सिंहासनमा राखें भने मैले ख्रीष्टलाई क्रूसमा टाँग्नु पर्ने हुन्छ । यदि मैले ख्रीष्टलाई सिंहासनमा राखें भने, मैले आफूलाई क्रूसमा टाँग्नै पर्ने हुन्छ ।" कसैले दुइ मालिकको सेवा गर्न सक्दैन । यदि तपाईले ख्रीष्टको स्वामीत्वलाई "हुन्छ" भन्नुहुन्छ भने, तपाईले आफ्नो इच्छा र चाहनाहरुलाई "हुँदैन" भन्नु पर्ने हुन्छ । कसैले दुइ मालिकको सेवा गर्न सक्दैन, किनभने तपाईले एउटालाई प्रेम गर्नुहुनेछ र अर्कोलाई घृणा गर्नुहुनेछ (मत्ती ६:२४) ।

नयाँ करारले येशू नै प्रभु हुनुहुन्छ भनेको छ । परमेश्वरले सबै कुरा उहाँको पाउमुनि राखिदिनुभएको छ । उहाँ राजाहरुका राजा र प्रभुहरुका प्रभु हुनुहुन्छ ।

### निष्कर्ष

त्यसो भए, येशू को हुनुहुन्छ त ? संसारमा भएको एकमात्र पूर्णरुपमा ठीक पुस्तकले उहाँ मुक्तिदाता, ख्रीष्ट, परमेश्वरका चुनिएका जन, परमेश्वरका पुत्र र हाम्रा प्रभु हुनुहुन्छ भन्दछ । यो उहाँ बारेको सत्यता हो । उहाँ को हुनुहुन्छ भनी ढुक्क हुन तपाईको अगाडि कुनै अनुसन्धान गरिएको होस् भनी तपाईले पर्खिरहनु पर्दैन । बाइबलले हामीलाई उहाँको बारेमा पूर्ण सत्य बताएको छ ।

येशूको संसारमा भएको आगमनले समयलाई ईसा पूर्व (B.C.) र इस्वी संवत् (A.D.) मा विभाजन गऱ्यो । मत्ती २५:३१-४६ ले उहाँले मानवजातिलाई, उध्दार पाएकाहरुबाट पापमा हराएकाहरुलाई विभाजन गर्नु हुनेछ भनेको छ । पिलातसले येशू न्यायको निम्ति उसको अगाडि उभिनुभएको छ भन्ने ठानेको थियो, तर वास्तवमा पिलातस येशूको अगाडी खडा थियो । यस संसारको अन्त्यको दिनमा उध्दार पाएकाहरु येशूको सिंहासनको दाहिनेपट्टि उभिने छन्, त्यस समय पापमा हराएकाहरु उहाँको सिंहासनको देब्रेपट्टि उभिएका हुनेछन् । ख्रीष्टलाई दिनुएको तपाईको जवाफले नै तपाई दाहिनेपट्टि उभिने हो अथवा देब्रेपट्टि भन्ने कुरालाई प्रभाव पार्दछ । तपाई उहाँको उध्दारद्वारा मात्र दाहिनेपट्टि उभिन सक्नुहुन्छ । उहाँले भन्नुभएको छ, "बाटो, सत्य र जीवन म नै हुँ, मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन" (यूहन्ना १४:६) । या त तपाई येशूद्वारा परमेश्वरकहाँ आउन सक्नुहुन्छ अथवा तपाईले अनन्त विनाशको अनुभव गर्नुहुनेछ । उहाँ हामीले जीवन पाऔं भन्ने हेतुले आउनुभएको थियो (यूहन्ना १०:१०), उहाँ बिना हामीले अनन्त मृत्यु भोग्नुपर्ने हुन्छ ।

येशूले हामीलाई उध्दार पाउन उहाँकहाँ आउने निमन्त्रणा दिनुभएको छ । अरु धर्महरुका अगुवाहरुले तपाईलाई उनीहरुको सिधान्तहरु अथवा उनीहरुको शिक्षाहरुमा आउने निमन्त्रणा दिन्छन् । येशू, परमेश्वरका पुत्रले मात्र, तपाईलाई उहाँकहाँ आउने निमन्त्रणा दिन सक्नुहुन्छ । उहाँले भन्नुभएको छ, "हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरुलाई विश्राम दिनेछु" (मत्ती ११:२८) ।

## अभ्यास प्रश्नहरु

१. "मुक्तिदाता" शब्दको अर्थ के हो ?
२. येशू कसरी एउटा अद्वितीय मुक्तिदाता हुनुहुन्छ ?
३. "ख्रीष्ट" को अर्थ के हो ?
४. येशू परमेश्वरका पुत्र हुनुहुन्छ भन्ने हामी कसरी थाहा पाउन सक्छौं ?
५. १ यूहन्ना ५:७, ८ मा आत्मा, पानी र रगतले के गर्दछन् भनी उल्लेख गरिएको छ ?
६. प्रेरित २ मा पत्रुसले आफ्नो श्रोताहरुलाई येशूको बारेमा के निष्कर्ष निकाल्नु भनेका थिए ?
७. हाम्रो निम्ति व्यवहारिक रुपमा येशूको प्रभुत्वको अर्थ के हुन्छ ?

## शब्द सहायताहरु

**दाऊदको शहर -** बेथलेहेम

**क्रूसको दण्ड -** क्रूसमा टाँगेर दिइने मृत्युदण्ड, रोमी मृत्युदण्डको एउटा रुप । येशू, यद्यपि दोषरहित हुनुहुन्थ्यो, तर हाम्रा पापहरुको निम्ति क्रूसमा झुण्ड्याइनुभएको थियो ।

**राजाहरुका राजा र प्रभुहरुका प्रभु -** येशू र उहाँको महानतालाई गरिएको एक सम्बोधन । उहाँ अरु सबै कुरा भन्दा उच्च हुनुहुन्छ ।

**पन्तिकोस (पन्तिकोसको दिन) -** यहूदीहरुको हप्ताको चाड, जसलाई बाली भित्र्याउने चाड पनि भनिन्छ, मण्डली शुरु भएको दिन (प्रेरित २) ।

**समर्पण -** परमेश्वर र उहाँको वचनको आज्ञापालन ।